बैठक नं १९५

आज मिति २०८२/११/२९ गते विहान ८:०० बजे यस तादी गाउँपालिकाको अध्यक्ष श्री सन्तमान तामाङ ज्यू को अध्यक्षतामा गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक बसि तपसिल बमोजिमको प्रस्ताव माथि छलफल गरी निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| क.स | नाम, थर | निर्वाचित पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री सन्तमान तामाङ | अध्यक्ष | |
| २. | श्री सन्जु प्याकुरेल श्रेष्ठ | उपाध्यक्ष | |
| ३. | श्री नकुर दोङ तामाङ | १ नं वडा अध्यक्ष | |
| ४. | श्री बच्चुराम तामाङ | २ नं वडा अध्यक्ष | |
| ५. | श्री सोनाम तामाङ | ३ नं वडा अध्यक्ष | |
| ६. | श्री अस्मिन कुमार पाण्डे | ४ नं वडा अध्यक्ष | |
| ७. | श्री सरोज भण्डारी | ५ नं वडा अध्यक्ष | |
| ८. | श्री सीरमान तामाङ | ६ नं वडा अध्यक्ष | |
| ९. | श्री छिरिङ शेर्पा | कार्यपालिका सदस्य | |
| १०. | श्री देवकी विश्वकर्मा | कार्यपालिका सदस्य | |
| ११. | श्री इन्जिला सिलवाल | कार्यपालिका सदस्य | |
| १२. | श्री सरिता तामाङ | कार्यपालिका सदस्य | |
| १३. | श्री शर्मिला उप्रेती खनाल | कार्यपालिका सदस्य | |
| १४. | श्री विसु सुनार | कार्यपालिका सदस्य | |
| १५. | श्री सुजन शुभ भ्लोन | सचिव | |
| अन्य उपस्थित कर्मचारी | | | |
| १६. | श्री सर्मिला कुमारी तामाङ मोक्तान | अधिकृतस्तर छैठौं | |

## प्रस्तावहरु

१. अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।
२. हिउँदे अधिवेशन आवह्वान सम्बन्धमा ।
३. प्रदेश समपुरक र विशेष अनुदानका योजना छनौट सम्बन्धमा ।
४. सडक बोर्डको लागत साझेदारी सुनिश्चितता सम्बन्धमा ।
५. शीर्षक संशोधन सम्बन्धमा ।
६. राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम सम्बन्धमा ।
७. विविध
   क) बाल कल्याणकारी अधिकारी तोक्ने सम्बन्धमा ।
   ख) पदाधिकारी ईन्धन सम्बन्धमा ।
   ग) सूचना अधिकारी तोक्ने सम्बन्धमा ।
   घ) आर्थिक सहायता सम्बन्धमा ।

## निर्णयहरु

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १ | प्रस्ताव नं १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरु सम्बन्धमा छलफल गरीं समिक्षा गरियो । |
| २ | प्रस्ताव नं २ उपर छलफल गर्दा आ.व. २०८२/०८३ मा यस तादी गाउँपालिकाको गाउँसभाको हिउँदे अधिवेशनको प्रथम बैठक मिति २०८२/१२/११ गते बस्ने गरी अधिवेशन आवह्वान गर्ने निर्णय गरियो । |
| ३ | प्रस्ताव नं. ३ उपर छलफल गर्दा प्रदेश सरकारको समपूरक र विशेष अनुदान अन्तर्गतको योजनाको लागि तपसिल बमोजिमका योजनाहरु छनौट गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो । |
| | समपूरक अनुदान अन्तर्गतका योजनाहरु :<br><br>१. सातविसे काउले बाघमारा सडक स्तरोन्नती तादी ४ - २ करोड (४०+६०)%<br>२. भोर्ले सेतीखाँद सडक तादी -३ - १ करोड (४०+६०)%<br>३. वडा कार्यालय भवन निर्माण तादी-१ - १ करोड (४०+६०)%<br>४. डोटेलबेसी-पौवाथोक-आहालडाँडा-गैरीगाउँ सडक तादी -६ -१ करोड (४०+६०)%<br>विशेष अनुदान अन्तर्गतका योजनाहरु<br>१. पुना खोला मुहान गरी बाघमारा-काउले -भँगेरी खानेपानी योजना तादी-४ |

४ प्रस्ताव नं ४ उपर छलफल गर्दा सडक वोर्ड नेपालको लागत साझेदारीमा जोगीगुफा-स्वाँरा-प्रभुडाँडा सडक शीर्षकमा साझेदारी वापतको रकम रु १,७५,०००। (एक लाख पचहत्तर हजार मात्र) आगामी हिउदे अधिवेशन बाट स्रोत सुनिश्चित गर्ने गरी ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

५ प्रस्ताव नं ५ उपर छलफल गर्दा आ.व. २०८२/०८३ मा विनियोजन भएका तपसिलको योजना शीर्षक संशोधन गरी यथाशिघ्र सम्झौता प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

तपसिल

| क्र. स. | विनियोजन भएको योजना शीर्षक | विनियोजित रकम रु. | संशोधन गर्नुपर्ने शीर्षक/ संशोधित शीर्षक | कार्यन्वयन वडा | कैफियत |
|---|---|---|---|---|---|
| १. | कट्टेलटोल मन्दिर निर्माण तादी -२ | १,५०,०००। | कट्टेलटोल मन्दिर संरक्षण | तादी २ | |

६ प्रस्ताव नं ६ उपर छलफल गर्दा राष्ट्रिय रोजगार प्रबर्द्धन कार्यक्रम र सो कार्यक्रमको लागि यस गाउँपालिकाबाट भएको साझेदारी वापतको तपशिल बमोजिमको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

**श्रम, सुरक्षा तथा सामाजिक सुरक्षा मन्त्रालय**
**राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम**
**आ.व. २०८२/०८३**
**राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम नेपाल सरकार**

| वडा नं. | आयोजनाको नाम | नेपाल सरकार रकम | साझेदारी गर्ने आयोजनाको नाम | साझेदारी गर्ने निकाय | साझेदारी रकम |
|---|---|---|---|---|---|
| १ | रालुका मन्दिर परिसर पार्क स्तरोन्नती र डुडको खोल्सा गोरेटोबाटो साथै वडा नं. २ भित्रको सडक नाली सरसफाई | ५,२७,८००। | रालुका मन्दिर परिसर पार्क स्तरोन्नती | वडा स्तरीय | ३,००,०००। |
| | | | डुडको खोल्सा गोरेटोबाटो | वडा स्तरीय | २,००,०००। |

७ प्रस्ताव नं. ६ उपर छलफल तपसिल बमोजिम निर्णय गरियो ।

क) यस तादी गाउँपालिकाको महिला तथा बालबालिका शाखामा कार्यरत सहायक महिला विकास निरीक्षक श्री लालमाया तामाङलाई बाल कल्याण अधिकारी तोक्ने र सोको जिम्मेवारी दिने निर्णय गरियो ।

ख) तादी गाउँपालिकाको आ.व. २०८२/८३ को बार्षिक कार्यक्रम अन्तर्गत ईन्धन (पदाधिकारी) शीर्षकबाट अध्यक्ष र उपाध्यक्ष ज्युको ईन्धन सुविधा वापत मासिक रुपमा थप १२० लिटरसम्म उपलब्ध गराउने निर्णय गरियो ।

ग) यस तादी गाउँपालिकाको सूचना अधिकारीको जिम्मेवारी अधिकृतस्तर छैठौ तहको श्री सर्मिला कुमारी तामाङ मोक्तानलाई तोक्ने निर्णय गरियो ।

घ) प्रस्ताव उपर उपर छलफल गर्दा आर्थिक उपचार सहायताको लागि प्राप्त निवेदन अनुसार रोग/कडा रोग निदान भएका तपसिल वमोजिमका व्यक्तिहरुलाई आ.व.२०८२/०८३ मा विनियोजन भएको बजेट खर्च शिर्षक नं २७२१९ अन्य समाजिक सहायता शिर्षकबाट रोग निदान प्रमाणित कागजातको आधारमा तपसिल वमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो ।

तपशिलः

| क.सं | नाम/थर | ठेगाना | रोग/कारण | रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | नेमा लो तामाङ | तादी -१ | मेरुदण्ड | २०,०००। | |
| २ | ठिकपार्ने तामाङ | तादी -५ | कलेजो रोग | १५,०००। | |